का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ असार २०७९,
शनिबार
9 July 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न






# बानेश्वरमा फिर्ता सिंहदरबारमा दर्ता

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ असार ।

संसदमा चार वर्षदेखि विचाराधीन नागरिकता ऐन संशोधन विधेयक फिर्ता भएको छ । लगत्तै नयाँ विधेयक पनि ल्याएको छ । संसद भवन नयाँ वानेश्वरमा शुक्रबारको प्रतिनिधिसभा बैठकमा गृहमन्त्री वालकृष्ण खाँडले मन्त्रिपरिषदको निर्णयअनुसार विचाराधीन नागरिकता विधेयक फिर्ता लिने प्रस्ताव प्रस्तुत गरे ।

प्रस्ताव उपर छलफलमा भाग लिँदै सांसदहरुले फिर्ता लिन हुने र नहुने दुबै पक्षबाट मत प्रकट गरे । ४ बर्षसम्म संसदमा सहमति जुट्न नसकेको विधेयक फिर्ता लिएर नयाँ ल्याउँदा अहिलेकै कार्यकालमा कानुन बनाउन सकिन्छ ? भनेर प्रश्न गरे ।

जवाफ दिँदै गृहमन्त्री खाँडले सरकारले नयाँ विधेयक ल्याउने तयारीसहित बिचाराधीन विधेयक फिर्ता लिइएको प्रष्टीप्करण दिए । त्यसपछि सभाले बहुमले सरकारले प्रस्तुत गरेको विधेयक फिर्ताको प्रस्ताव पारित गर्‍यो । यो संगै २०७५ साल साउन २२ प्रतिनिधिसभामा दर्ता भएको नागरिकता ऐन संशोधन विधेयक फिर्ता भयो ।

प्रतिनिधिसभामा नागरिकता विधेयक फिर्ता लिने प्रस्ताव पास गराएर प्रधानमन्त्री निवास वालुवाटारस्थित मन्त्रिपरिषदको बैठकमा सहभागी हुन पुगेका गृहमन्त्री बालकृष्ण खाँणले मन्त्रिपरिषदमा नयाँ नागरिकता विधेयक संसदमा दर्ता गर्ने प्रस्ताव प्रस्तुत गरे । लगत्तै प्रधानमन्त्री शेरबहादुर देउवाले समर्थन जनाए र सोही अनुसार निर्णय भयो ।

सरकारले संसदमा बिचाराधीन नागरिकता विधेयक फिर्ता लिनु र नयाँ विधेयक ल्याउनुको एउटै करण छ- वैवाहिक अंगीकृत नागरिकतामा दलहरुका बीचमा रहेको विवाद ।

सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस वैवाहिक अंगीकृत नागरिकता प्रचलित ऐन अनुसार नै विवाह गरे लगत्तै जारी हुने व्यवस्थाको पक्षमा छ । नेपाली नागरिकसँग विवाह गरेर आउने विदेशी महिलाले विवाह गरे लगत्तै नागरिकता प्राप्तीको प्रक्रिया अगाडि बढाउन सक्ने प्रचलित व्यवस्था छ । यसलाई बदलेर निश्चित समयपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता जारी गर्नुपर्ने पक्षमा छन् प्रमुख विपक्षी नेकपा एमाले सहित सरकारमै रहेको नेकपा माओवादी केन्द्र लगायतका दलहरु ।

वतृमान सरकारले फिर्ता लिएको विधेयकमा सुरुमा नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले विवाह भएलगत्तै नागरिकता प्राप्त गर्न सक्ने तर, ६ महिनाभित्र विदेशी नागरिकता वा कुनै राष्ट्रिय परिचयपत्र लिएको भए त्यसलाई त्यागेको निस्सा पेश गर्नुपर्ने प्रावधान राखिएको थियो ।

तर, यो विषय प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पुगेपछि फरक ढंगले छलफल अगाडि बढ्यो । राज्य व्यवस्था समितिले ७ वर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता पाउने व्यवस्था बहुमतले पारित गरेर विधेयकको प्रतिवेदन संसदमा पेश गर्‍यो ।

तत्कालिन नेकपा अर्थात हालका एमाले र माओवादी केन्द्रका

– बाँकी पृष्ठ २ मा

# योग्यता नपुग्ने व्यक्ति तीन वर्ष न्यायाधीश !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ असार ।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासकी न्यायाधीश रेणुका शाह बर्खास्त भएकी छन् । कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीको अध्यक्षतामा बसेको न्याय परिषद्को बैठकले शाहलाई बर्खास्त गर्ने निर्णय गरेको हो ।

न्याय परिषद् बैठकले योग्यता नपुगेको कारण पदबाट बर्खास्त गर्ने निर्णय गरेको हो । उनी पुर्व प्रधानन्यायाधीश रामकुमारप्रसाद शाहकी छोरी हुन् । तर सीटीईभीटीमा २० वर्ष काम गरेकी शाहलाई २०७५ मा न्यायाधीश नियुक्त गरिएको थियो । त्यसैबेला पनि वकालत गरेको १० वर्ष अनुभव नभएको उजुरी परेको थियो । तर तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको बलमा शाह न्यायाधीश नियुक्त भएकी थिइन् ।



आवश्यक योग्यता नपुगेपछि तीन वर्षदेखि न्यायाधीश रहेकी रेणुका शाहलाई न्याय परिषद्ले शुक्रबार बर्खास्त गरेको छ ।

न्याय परिषद्का प्रवक्ता मानबहादुर कार्कीका अनुसार, न्यायाधीश बन्न आवश्यक आधारभूत योग्यता समेत नभेटिएपछि शाहलाई बर्खास्त गरिएको हो । न्याय परिषद्ले रिक्त न्यायाधीश नियुक्तिका लागि सात दिने सूचना समेत जारी गर्ने निर्णय गरेको छ । निर्णयअनुसार, सोमबार न्यायाधीश नियुक्तिबारे सूचना प्रकाशित हुनेछ ।

१९ चैत २०७५ मा शाह न्यायाधीश नियुक्त भएकी थिइन् । उनीसँगै उच्च अदालतमा १८ र सर्वोच्च अदालतमा ५ न्यायाधीश नियुक्त गर्न सिफारिस भएका थिए । सिफारिसविरुद्ध परेको रिट भने सर्वोच्च अदालतले खारेज गरिदिएको थियो ।

रिट निवेदन नै खारेज भएपछि तीन वर्षदेखि शाह न्यायाधीश थिइन् । जबकी सीटीईभीटीमा १० साउन २०५५ देखि काम गरेकी शाहसँग वकालतको अनुभव थिएन ।

न्यायाधीश बन्न आवश्यक योग्यता नभएपनि उनीसँग जबरा थिए । तर जबरा गएको १ फागुनमा निलम्बित भए । जबरा निलम्बित भएपछि शाह पनि बर्खास्त भएकी छन् ।

शाहसँग वकालतको अनुभव मागिएको थियो । तर सीटीईभीटीको जवाफले नै उनको पद नजोगिने प्रष्ट भयो । सीटीईभीटीले शाहको सेवा अवधि बिहान १० बजेदेखि बेलुकी ५

– बाँकी पृष्ठ २ मा

# जापानका पूर्वप्रधानमन्त्री आबेको हत्या

## नेपालले पनि राष्ट्रिय शोक मनाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार ।




जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको गोली हानी हत्या भएको छ । गोली लागी गम्भीर घाइते भएका जापानका पूर्वप्रधानमन्त्री आबेको उपचारका क्रममा निधन भएको हो । चुनावी सभालाई सम्बोधन गरिहेका बेला आबेमाथि शुक्रबार बिहान मात्रै गोली प्रहार भएको थियो ।

आबेको निधनमा नेपालले पनि राष्ट्रिय शोक मनाउने भएको छ । शुक्रबार बसेको मन्त्रिपरिषदको बैठकले आबे हत्याको घोर भत्सर्ना गर्दै उनको निधनप्रति शनिबार राष्ट्रिय शोक मनाउने निर्णय गरेको हो ।

आबेको निधनप्रति प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लगायतका नेताहरूले शोक जनाएका छन् ।

' पूर्वप्रधानमन्त्री आबेको निधनको खबर सुनेर गहिरो दुःख लागेको छ । मेरो हार्दिक श्रद्धाञ्जली । उहाँ विश्वका चर्चित नेता मात्र नभएर नेपालको असल मित्र पनि हुनुहुन्थ्यो । यस दुःखद घडीमा जापानका जनता र शोक सन्तप्त परिवारजनसँग हाम्रो विचार र प्रार्थना छ ।' प्रधानमन्त्री देउवाले ट्वीट गरेका छन् ।

## यौन हिंसासम्बन्धी विधेयक

# बढ्यो बलात्कार मुद्दामा हदम्याद

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ असार ।

बलात्कार मुद्दामा हदम्याद बढ्ने भएको छ । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले बलात्कार मुद्दामा बालिगको हकमा एक वर्ष र नाबालिगको हकमा २ वर्ष हदम्याद बढाउने सहमति जुटाएको छ ।

यौन हिंसा विरुद्धका केही ऐन संसोधन गर्न बनेको बिधेयक मार्फत हदम्याद बाउन लागिएको हो । महिला अधिकारकर्मीले भने बलात्कार मुद्दामा हद म्याद हटाउनु पर्ने माग गर्दै आएका थिए ।

समितिले जुटाएको सहमित अनुसार अब कुनै पनि बलात्कारमा परेका नाबालिगले बालिग भएको (१८ वर्ष पूरा भएको) ३ वर्षपछि अर्थात २१ वर्षको उमेर हुँदासम्म उजुरी गर्नु पर्ने छ । बालिगको हकमा २ बर्ष भित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

अपाङ्गता, जेष्ठ नागरिक र सुस्त मनस्थितिको हकमा ३ बर्ष भित्र उजुरी गरिसक्नुपर्ने पर्ने हुन्छ ।

थुनामा रहेको वा अपहरणमा रहेको अवस्थामा थुनामुक्त भएपछि तीन महिना नाघेको दुई बर्ष भित्र उजुरी गरिसक्नुपर्ने हुन्छ । 'तीन महिना औसधि उपचार गर्नका लागि समय दिनुपर्छ' निर्णय सुनाउँदै समिति सभापति कृष्ण भक्त पोखरेलले पोखरेलले भने ।

समितिबाट पारित विधेयकको प्रतिवेदन प्रतिनिधिसभामा प्रस्तुत हुनेछ । प्रस्तुत विधेयकमाथि प्रतिनिधिसभामा पुनः छलफल भएर पारित हुँदै राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभामा पनि संशोधन प्रस्ताव हाल्ने, त्यस ऊपर छलफल हुने, विषयगत समितिमा दफावार छलफल हुने संसदीय प्रक्रिया पूरा गरेर पारित हुँदै पुनः प्रतिनिधि सभामा आउनेछ ।

राष्ट्रिय सभामा भएको संशोधन प्रतिनिधिसभाले स्वीकार गरेपछि सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि बलात्कार मुद्दामा बढेको हदम्याद लागू हुनेछ ।

# मलेसियाको बेष्टिनेट कम्पनीमा छापा : सिण्डिकेटबारे सोधपुछ, अमिन उच्च निगरानीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

मलेसियाको भ्रष्टाचारविरूद्ध छानविन गर्ने निकायले बेष्टिनेटको क्लालाम्पुर स्थित कार्यालयमा छापा मारेको छ । मलेसियाको 'दातुक शेरी' उपाधि लिएका बंगलादेशका नागरिक अमिनले सञ्चालन गरिरहेका बेष्टिनेट कम्पनीले मलेसियामा रोजगारीमा आउने विदेशी कामदारको स्वास्थ्य परीक्षण रिपोर्टको परीक्षण 'स्क्रिनिङ' गर्दै आइरहेको छ ।

गत जुन महिनामा मलेसियाका मानव संशाधन मन्त्री एम साराभानन्को बंगलादेश भ्रमणमा मलेसिया कामदार पठाउन २५ वटा मात्र म्यानपावर कम्पनी छनोोट गरी सिण्डिकेट खडा गरेको अमिन र मन्त्री साराभानन् माथि आरोप छ ।

उक्त आरोप लागिरहेको बेला मलेसियाको भ्रष्टाचारविरूद्ध छानविन गर्ने निकाय (एसपीआरएम)का अधिकारीहरूले बेष्टिनेट कम्पनीको कार्यालयमा छापा मारी लामो




सोधपुछ गरेको मलेसिया तथा बंगलादेशका छापा तथा विद्युतीय सञ्चारमाध्यमहरूले उच्च प्राथमिकताका साथ समाचार छापेका छन् ।

अमिन मिर अब्दुल नुर मलेसियाका पूर्व गृहमन्त्री जहिदीका बहिनी ज्वाइँ हुन् । त्यसकै आडमा उनले ' दातुक शेरी'को उपाधि लिएर सिण्डिकेट खडा गरेको

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## श्रममन्त्री कुँवर र आईएलओका राष्ट्रिय निर्देशकबीच भेट

**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवर र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का राष्ट्रिय निर्देशक डा रिचार्ड हवार्डबीच शिष्टाचार भेटवार्ता भएको छ । शुक्रबार मन्त्रालयमा भएको भेटमा मन्त्री कुँवरले श्रमिकको उचित न्याय र स्वदेशमै रोजगारी सिर्जनाका लागि मन्त्रालयले गरिरहेको तयारीबारे जानकारी गराए ।

आईएलओले नेपालको श्रम क्षेत्रलाई व्यवस्थित बनाउन र सामाजिक सुरक्षासम्बन्धी योजनामा गरिरहेको सहयोका लागि धन्यवाद दिँदै उनले आगामी दिनमा सहकार्यलाई निरन्तार दिन आग्रह गरे । भेटमा राष्ट्रिय निर्देशक डा हवार्डले श्रमिकको सुरक्षा, न्याय र रोजगारी वृद्धिका लागि नेपाललाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको मन्त्रालयले जनाएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: THE NAIL KITCHEN BEAUTY SALON AND INSTITUTE CO    शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०३/२४    चलानी नं.:६०१८२९४५    LT. No.: 267061

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Salon Worker | 0 | 10 | स. काममा दक्ष | 150 | ६१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ ।
फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३२ गते (16 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mobile No.: 9851235143, 9851322884, 9851330429, 9826853433

मध्यान्ह
www.madhyanhadaily.com
२५ असार २०७९, शनिबार
9 July 2022, Saturday

# तत्कालिन उपमेयरसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विराटनगर महानगरकी निवर्तमान उपमेयर इन्दिरा कार्कीसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । उनीसहित तत्कालीन प्रमुख प्रशासकीय अधिकृत एकदेव अधिकारी, इन्जिनियर, वडाअध्यक्ष र उपभोक्ता समितिका अध्यक्षसमेत ९ जना उपर विशेष अदालतमा गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दा दायर गरेको अख्तियारले जनाएको छ ।

अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार मुद्दा दायर हुनेमा सहरी विकास महाशाखा प्रमुख इन्जिनियर गोपाल पोखरेल, इन्जिनियर पुष्पक प्रधान र सव-इन्जिनियर मो. इफतेखार आलम, पोखरीमा पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष बलदेव शाहु सुडी, सचिव दिनानाथ आचार्य र कोषाध्यक्ष कल्पना घिमिरे तथा वडा नं. १५ का तत्कालिन वडा अध्यक्ष असलम आलम छन् ।



उनीहरुले पोखरीमा पार्क निर्माण कार्यमा उपभोक्ता समितिबाट वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी नभए नगरेको कार्यसमेत नापी किताबमा चढाई उपभोक्ता समितिसँगको सम्झौता अनुसारका निर्धारित सर्त तथा मापदण्ड विपरीत ज्यामीद्वारा गर्नँपर्ने माटो फिलिङ्गको कार्य रोलर मेसिनद्वारा गराई उक्त कार्यलाई ज्यामीद्वारा गरेको भनी गैरकानूनी लाभ प्राप्त गर्ने बदनियतले कार्य सम्पन्न प्रतिवेदन तयार गरी महानगरपालिकामा पेश गरेको, झुट्टा डोरहाजिर, गलत नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी सो कागजातहरु स्वीकृत गरी १० लाख ५५ हजार ९७९ रूपैयाँ ४८ पैसा भ्रष्टाचार गरेको अख्तियारले दाबी गर्दै बिगो बमोजिम माग दाबी गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

### पर्साका सब-इन्जिनियरविरूद्ध भ्रष्टाचार मुद्दा

सेवाग्राहीबाट १ लाख ७० हजार रुपैयाँ घुस लिँदै गर्दा पक्राउ परेका मधेस पर्सास्थित सहरी विकास तथा भवन निर्माण कार्यालयका सब-इन्जिनियर रूपेश दुबेविरूद्ध जिल्ला प्रहरी कार्यालयले जिल्ला अदालतमा ठगी तथा आर्थिक लाभ मुद्दा दर्ता गरेको छ ।

उनलाई अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान थालिएको प्रहरी उपरीक्षक रमेश बस्नेतले जानकारी दिए । सेवाग्राहीसँग घुस लिइरहेको पूर्वसूचनाको आधारमा बिर्तास्थित वडा प्रहरी कार्यालयको टोलीले दुबेलाई कार्यालयबाट घुस रकमसहित नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हेटौंडा शाखामा बुझाउनका लागि रायसल्लाह लिँदा उक्त शाखाबाट प्रहरीबाटै मुद्दा चलाएर अनुसन्धान गर्न सुझाव आएपछि मुद्दा दायर गरी अनुसन्धान अघि बढाइएको हो ।

मनवास्थित सब-डिभिजन वन कार्यालयको १७ लाख रुपैयाँको लागतमा निर्माण भएको भवनको मूल्यांकन गरिदिने बहानामा ठेकेदारबाट रकम लिँदै गरेको अवस्थामा दुबे पक्राउ परेका थिए । उनी धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२४ निवासी हुन् ।

### तत्कालिन रेन्जरविरुद्ध भ्रष्टाचार आरोप-पत्र

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डिभिजन वन कार्यालय चितवनका तत्कालिन रेन्जर जगदिप गौतमविरुद्ध भ्रष्टाचारविरुद्ध आरोप-पत्र दायर गरेको छ। चितवनमा कार्यरत अनुसन्धान अधिकृत गौतमले १ लाख ५० हजार रुपैयाँ घुस माग गरेको उजुरीका आधारमा अनुसन्धान हुँदा उनले विना इजाजत साल चिरान काठ ओसार पसार मुद्दामा सेवाग्राहीसँग घुस माग गरेको अख्तियारको दाबी छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायको मागदावी गर्दै विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारले जनाएको छ ।

### गंगादेवका इन्जिनियर ५० हजार घुससहित पक्राउ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रोल्पाको गंगादेव गाउँपालिकामा कार्यरत इन्जिनियर नविन डाँगीलाई ५० हजार घुस रकमसहित पक्राउ गरेको छ । डाँगीले मोटरबाटो निर्माण योजनाको नापी किताब, बिल तयार गरिदिएवापत सेवाग्राहीसँग घुस रकम माग गरेको भन्ने सूचना एवम् उजुरीका आधारमा आयोगको टोलीले उनलाई पक्राउ गरेको हो ।

आयोगको बुटवल सम्पर्क कार्यालय, नेपालगञ्जबाट खटिएको टोलीले डाँगीलाई सेवाग्राहीसँग लिएको घुस रकमसहित गाउँपालिकाको वडा नं. २ स्थित घरबाटै पक्राउ गरिएको अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारी जानकारी दिए ।

## बानेश्वरमा...

सांसदहरुले नेपालको भौगोलिक अवस्था र दुई ठूला छिमेकी देशलाई ख्याल गरेर ७ बर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता दिनुपर्ने पक्षमा वकालत गरेका थिए । छिमेकी भारतमा समेत विवाह गरेर निरन्तर बसोबास गरेको ७ बर्षपछि मात्रै नागरिकता पाउने व्यवस्था रहेकाले नेपालमा पनि सोही अनुरुपको व्यवस्था गर्नु उपयुक्त हुने एमाले/माओवादी सांसदहरुले तर्क गरेका थिए । यही तर्कका आधारमा वैवाहिक अंगीकृतका लागि ७ बर्ष कुनुपर्ने प्रावधान राखेर राज्य व्यवस्था समितिले नागरिकता विधेयकको प्रतिवेदन समितिबाट पारित गर्दा कांग्रेस, जसपा, लोसपा र मधेश केन्द्रित नेताहरुले फरक मत राखेका थिए ।

यही विषयको विवादका कारण सभामा पुगेको विधेयक अगाडि बढ्न सकेन। बरु वर्तमान सरकारले ४ बर्षदेखि संसदमा अड्किएको उक्त नागरिकता विधेयक नै फिर्ता लियो र नयाँ विधेयक ल्यायो । वैवाहिक अंगीकृत बाहेकका मुख्य प्रावधानमा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले २०७५ सालमै सहमति जुटाएको थियो । तत्कालीन सरकारले २२ साउन २०७५ मासंसदमा दर्ता गरेको नागरिकता ऐन संशोधन विधेयक दफाबार छलफलका लागि २९ साउनमा राज्यव्यवस्था तथा सुशासन समितिमा पुगेको थियो । राज्य व्यवस्था समितिले मुख्य मुद्दामा ७ चैत २०७५ मै सहमति जुटाएको थियो। त्यसबेलाको सहमति अनुसार मुख्यत तीन विषय समेटिएका थिए।

एक- ३ असोज २०७२ अर्थात् संविधान जारी भएको दिनभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकको सन्तान बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिक हुने प्रस्तावित व्यवस्था संशोधन गर्ने ।

संशोधन गरेर ९ मंसिर २०६५ भित्र निवेदन दिई नेपालको संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बावु र आमा दुवै नेपालका नागरिक रहेछन् भने उमेर १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था राखियो । यसो गर्दा संविधान जारी हुनुभन्दा अगाडि निवेदन दिएका तर, नागरिकता लिने उमेर नपुगेकाहरूलाई सम्बोधन गर्न सकिने र यसको थप व्याख्या नियमावलीमा गर्ने सहमति राज्यव्यवस्था समितिमा भएको थियो । दुई- आमाले बाबुको पहिचान हुन नसकेको पुष्ट्याई सहित स्वघोषणा गरे आफ्नो सन्तानलाई नागरिकता दिलाउन सक्ने व्यवस्था प्रस्तावित नागरिकता विधेयकमा थियो । राज्यव्यवस्था समिति सदस्यहरूले 'पुष्ट्याईंसहित' भन्ने शब्द हटाउने निर्णय गरे ।

तीन- आमाले बाबुको पहिचान हुन नसकेको भनी गरेको स्वघोषणा झुटो ठहरिए ६ महिनादेखि १ वर्षसम्म कैद र २५ हजारदेखि १ लाखसम्म जरिवाना हुने कानूनी व्यवस्था गर्ने सहमति ।

साथसाथै बाबुको पहिचान हुन नसकेको भनी गरेको स्वघोषणा झुटो ठहरिए पत्ता लागेका बावुलाई पनि १ वर्ष ६ महिनासम्म कैद र २५ हजारदेखि १ लाखसम्म जरिवाना हुने। यो निर्णय राज्य व्यवस्था तथा सुशासन समितिबाट 'सर्वसम्मत रुपमा पारित' भएको थियो ।

यसरी नागरिकता विधेयकले सम्बोधन गर्न खोजेका मुख्य विषय २०७५ सालमै राज्यव्यवस्था समितिले टुंग्याएको थियो । मुख्य विषयमै केन्द्रित रहेको भए २०७५ सालमै नागरिकता ऐन बन्न सक्थ्यो । तर, वैवाहिक अंगीकृतको विषयमा दलहरुका बीचमा विवाद हुँदा प्रस्तावित विधेयक नै फिर्ता हुन पुग्यो । गृहमन्त्री बालकृष्ण खाँणका अनुसार नयाँ नागरिकता विधेयकलाई संसदमा फास्ट ट्र्याकमा अगाडि बढाउने र जतिसक्दो छिटो पारित गराउने सरकारको योजना छ ।

## योग्यता...

बजेसम्म रहेको र त्यो बाहेकको समयमा कानून व्यावसायमा संलग्न हुन बाधा नरहेको जवाफ लेखेको थियो। त्यो भनेको कार्यालय समयभर शाहले वकालत गर्नैं पाएनन्। तर पनि उनीविरुद्ध परेको उजुरी खारेज भएकाले बितेको तीन वर्ष शाह न्यायाधीश रहिन् ।

## मलेसियाका...

आरोप छ । उनलाई मंगलबार र बुधबार पटकपटक बंगलादेशमा २५ वटा म्यानपावर कम्पनी छनोट सम्बन्धमा सोधपुछ गरिएको र कुनैपनि बेला प्रहरीले पक्राउ गर्न कडा निगरानीमा राखिएको बताइएको छ । प्रहरीले बेष्टिनेटका केही कर्मचारीलाई बंगलादेशको सिण्डिकेट खडा गरिएको विषयमा छानविनका लागि नियन्त्रणमा लिएको छ ।

बेष्टिनेटका कर्मचारी पक्राउ गरेपछि मलेसियाको भ्रष्टाचारविरूद्ध छानविन गर्ने निकायका अधिकारीहरुले क्वालालम्पुरमा रहेको बंगलादेशको हाई कमिशनसँग बंगलादेशमा २५ म्यानपावर कम्पनी छनोटमा उसको संलग्नता बारेपनि सोधपुछ गरेका छन् । बंगलादेशमा १५ सय म्यानपावर कम्पनी छन्। मलेसियाको भ्रष्टाचार विरूद्ध छानविन गर्ने निकायले २५ वटा मात्र छनोट गरिनुपर्ने कारण र त्यसबारेमा आधिकारिक कागजात रहेको बारे पनि सोधेको समाचारमा उल्लेख छ । यता बंगलादेशको एक्सपाट्राइएट्स वेयलफेयर एण्ड ओभरसिज इम्प्लोइमेन्ट मन्त्री इमरान अहमदले मलेसियाका लागि २५ म्यानपावर कम्पनी छनोटको सूची नपठाएको बताएका छन् ।

छनोटको सूचीमा परेका म्यानपावर कम्पनीले रोजगारीका लागि मलेसिया जान चाहने कामदारको स्वास्थ्य परीक्षण र पासपोर्ट संकलन गर्दै चर्को शुल्क असुल्न शुरू गरेको बताइएको छ । मलेसियाका म्यानपावर कम्पनीले प्रति कामदार सरदर सवा चार लाख टाकासम्म उठाउने गरेको चर्चा छ ।

# राप्रपाद्वारा देशभर प्रदर्शन

**काठमाडौं/मस–** राप्रपाले भ्रष्टाचार नियन्त्रणसहितका २२ बुँदे माग राखेर प्रदर्शन गरेको छ ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसहितको टोली १ असारमा प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको २२ बुँदे ज्ञापनपत्र सम्बोधनको माग राखेर शुक्रबार देशभर प्रदर्शन गरेको राप्रपाले जनाएको छ ।राप्रपा प्रवक्ता मोहन श्रेष्ठका अनुसार शुक्रबार देशभरि नै सानाठूला प्रदर्शनसहित ७७ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा घेराउ र धर्ना दिइएको छ । आफ्नो माग पूरा गराउन दबाब दिने उद्देश्यले राप्रपा १३ असारदेखि आन्दोलनमा उत्रिएको छ ।

## सच्चाइएको

मध्यान्ह राष्ट्रिय दैनिकको २०७९ असार २२, २३ र २४ गते क्रमशः अंक १५१, १५२ र १५३ हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

-सम्पादक


## ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Hometown to Airport!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म निःशुल्क खाना । यातायात । आवास !

**रोजगारदाता कम्पनी : प्लास्टिकटेक्निक (एम) एसडिएन. बिएचडी.**
**Employer Company : PLASTICTECNIC (M) SDN BHD**

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/०३/२३ | चलानी नंः ६०१८२८३६ | एल टि नं : २६६९४८ |
| Pre Approval Date: 2022/07/07 | Invoice No.: : 60182836 | LT No. : 266948 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्टि MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker Manufacturing Sec.) | १५० 150 | 0 0 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English | १५०० 1500 | ४२,९१५ 42,915 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants. are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोटको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/- रोजगारदाताले ब्यहार्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

प्रि–अन्तर्वार्ता होटल क्लासिक प्लाजा, सिमरा, बारामा साउन १ र २ गते हुनेछ।
Pre Interview being conducted at the Hotel Classic Plaza, Simara, Bara on 17 & 18 July 2022.

अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति साउन ६ गते शुक्रबारको दिन हुनेछ।
Interview will be held at IMR Office, Gwarko, Lalitpur on 22 July 2022 i.e. on Friday.

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
IInterview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters**
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध प्लास्टिकटेक्निकको स्वतन्त्र तेस्रो पार्टी हटलाइन नं +९७७ ९८०७१९९३२० मा वा ईमेल grievancemdc@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं ।
Feel free to report against fraud, illegal activities or corruption in Plastictecnic's independent Third-Party Hotline +977 9807199320 or email at grievancemdc@gmail.com . We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सुचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

License No. 309/059/060
**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801031586, 9818979632, 9802325733
For Location:



## मलेसियामा रोजगार
१. कम्पनी: **ERAE METAL SDN. BHD** शहर: SELENGOR
पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८२९०३ LT. No.: 267016

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: **KAOLIN (MALAYSIA) SDN. BHD.** शहर: Jalan
पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८२९०६ LT. No.: 267018

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: **FASTREK GLOBAL INDUSTRIES SDN BHD** शहर: SELENGOR
पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८२९०७ LT. No.: 267019

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३२ गते (16 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: **Baby Star International Pvt. Ltd.**
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np



## कुवेतमा रोजगार अवसर
१. कम्पनी : **FOOD TAYLORS COMPANY FOR RESTAUANT MANAGEMENT** शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८२९४८ LT. No.: 267065

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Line Cook | 6 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५३,४४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 6 | 0 | | 125 | ५१,३९१ | | | | | | | |

२. कम्पनी : **SUMA FRUITS INTERNATIONAL** शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.:६०१८२९४७ LT. No.: 267096

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 17 | 0 | स. काममा दक्ष | 120 | ४९,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : **AGRICULTURAL FOOD PRODUCTS CO.** शहर : SAFAT
पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.:६०१८२९४६ LT. No.: 267095

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 21 | 0 | स. काममा दक्ष | 120 | ४९,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ८ गते (24 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०
Mob.:9804931201, 9815186563, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np



## साउदी रोजगार
कम्पनी: **MIM RAA CAFE TO SERVE DRINKS** शहर: TAIF
पुर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८२९५२ L.T. No.:267006

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beverage Juice Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३२ गते (16 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४९५३३२१, ४९५५९९०
Mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## बहराइनमा रोजगार
१. कम्पनी : **CIRCLE INTEGRATED SERVICES** शहर: MANAMA
पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८२९५५ L.T. No.: 267088

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 25 | 50 | स. काममा दक्ष | 100 | ३३,५२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : **YOUNGJIN ENTERPRISE CO.LTD** शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०७७/११/०६ चलानी नं.: ६०१५४६७९ L.T. No.: 236227 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३३,५२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Light | 118 | 0 | | 130 | ४३,५८५ | | | | | | | |
| 3. | Driver Heavy | 6 | 0 | | 150 | ५०,२९० | | | | | | | |
| 4. | Mechanic | 10 | 0 | | 150 | ५०,२९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३२ गते (16 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**EASY OVERSEAS PVT. LTD.**
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539
9851176605, 9849124498, 9849991143, Pokhara :9802855070

## गुजरा नगरको सातौं नगरसभा सम्पन्न

# शिक्षा र कृषिलाई प्राथमिकता



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २४ असार

रौतहटको गुजरा नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० का लागि सवा ५७ करोडको बजेट विनियोजन गरेको छ। बिहीबार सिम्राभवानिपुरस्थित गुजरा नगरपालिकाको सभाकक्षमा आयोजित सातौं नगरसभामा उपमेयर रत्ना लामाले कुल ५७ करोड २४ लाख,७९ हजारको बजेट प्रस्तुत गरेकी छिन् । नगरसभाले आगामी आर्थिक वर्षमा शिक्षा, कृषि, स्वास्थ्य तथा भौतिक पूर्वाधारलाई विशेष प्राथमिकतामा राखेको छ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि तथा गुजराका नगरप्रमुख सन्तलाल चौधरीले नगरसभालाई सम्बोधन गर्दै नगरमा बाख्रापालनलाई तिव्रता दिने, प्रहरी चौकी मर्मत, विपन्न परिवारलाई विधुत निःशुल्क, निःशुल्क स्वास्थ्य बीमा, चोरी चकारी नियन्त्रण गर्न संवेदनशील ठाउँहरुमा सीसी क्यामेरा जडान गर्ने बताए ।

त्यसैगरी दुर्घटना न्यूनीकरण गर्न जनचेतना मुलुक कार्यक्रम तथा होर्डिङ बोर्ड जडान गर्ने, नगर भित्रको ५ जना महिलालाई ५० प्रतिशत अनुदानमा अटो रिक्सा परीक्षणको रूपमा उपलब्ध गराउने, कर्मचारीलाई पोशाक लगाउन अनिवार्य गरिने मेयर चौधरीले बताए ।

कार्यक्रममा वडा नं १ का अध्यक्ष रामजित चौधरीले वडालाई ७ करोडको आवश्यकता रहेको भन्दै ७० लाख छुट्याइएकोमा बजेट बढाउन आग्रह गरे भने वडा नं २ का अध्यक्ष अशोक खां धारुले बर्थिङ सेन्टर संचालन र एम्बुलेन्स हस्तान्तरण माग गरे ।

उनले खेलकुद शिक्षा, भूमिहिन व्यवस्थापन, मिटिङहल निर्माण, प्रहरी चौकी स्थापना, नाला र रोड निर्माण, नहरको बाटो निर्माण, अटो व्यवस्थापनका लागि पनि ध्यानाकर्षण गराए ।

वडा नं ७ का अध्यक्ष अब्दुल काजीले वृद्धभत्ता, बालपोषण भत्ता सहज बनाउन माग गरे । वडा नं ५ का अध्यक्ष जमालुदिनले स्वास्थ्य तथा शिक्षामा ध्यान दिन र गुजराईं नम्बर १ बनाई गरिबी हटाउनुपर्नेमा जोड दिए ।

वडा नं ९ का अध्यक्ष प्रेम चौधरीले सबै जनप्रतिनिधि काँधमा काँध मिलाएर अगाडि बढ्नुपर्ने, शिक्षाको विकासबाट गुजराको विकास, बिउबिजन, सिंचाइ, कृषि तथा पशु प्राविधिक, शीत भण्डार, रोजगार, फलफूलको निःशुल्क बिरुवा, बजारीकरण, पशु बजार, सहुलियत कर्जा, कम्पनीसँग समन्वय गरी प्रविधिमा विकास, सन्ध्याकालीन ट्युसन, स्वास्थ्य बीमा, निःशुल्क एम्बुलेन्स, सेफ्टी ट्याङ्की सफाइ, फुलमती कुश्वार, मैढा स्कुल, विद्युत, राष्ट्रपति आएको बजेट, महिला समस्या समाधान गर्न, स्वास्थ्य उपचारलगायतका माग गरे ।

नगरसभाको संचालन गर्दै नगर प्रवक्ता विजय साह बनियाँले शिक्षाको विकासको खाँचो, विद्यालयमा शौचालयको खाँचो रहेको बताउँदै विद्यालयमा अनुगमन गरी आवश्यकता पूरा गर्न माग गरे । उनले विद्यालयमा शिक्षक थप गर्न, विकास निर्माणको काममा उपभोक्ता समितिमा शिक्षक नराख्न, कनकपुरमा बर्थिङ सेन्टर संचालन गर्न माग गरे ।

उनले गुजरा नगरपालिकामा २७ हजार महिलाको संख्या भएकाले सहजरूपमा सुत्केरी गराउनका लागि सबै वडामा बर्थिङ सेन्टर बनाउन, एम्बुलेन्स व्यवस्थापन, सफाई ट्याङ्की, सार्वजनिक शौचालय निर्माण, मलखाद व्यवस्थापन, सहकारी अनुगमन, सिंचाइ सुविधा, बेमौसमी तरकारी खेती, माटो परीक्षण, न्यायिक समिति संचालन, खानेपानी तथा विधुत महसुल तिर्न, खानेपानी व्यवस्थापन गर्न समेत माग गरे ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै गुजराका प्रमुख प्रशासकीय अधिकृत विनोद कुमार जयसवालले गुजरा नगरपालिकालाई ग्रिन नगर बनाउमा सहयोगका लागि सबै जनप्रतिनिधिहरूलाई आग्रह गरे । कार्यक्रममा गुजराका प्रमुख प्रशासकीय अधिकृत जयसवाल, डिएसपी सन्तु जैसवार, वडा अध्यक्षहरू, वडा सदस्यहरू, कार्यपालिका सदस्यहरू, नगरपालिका कर्मचारीहरू तथा सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो ।

# ७ लाख मूल्य बराबरको अवैध चिनी बरामद



सहबान अन्सारी/मध्यान्ह
नवलपरासी, २४ असार

नवलपरासीमा ७ लाख ८ हजार मूल्य बराबरको अवैध चिनी बरामद भएको छ।

सशस्त्र प्रहरी र नेपाल प्रहरी सहितको संयुक्त गस्ती टोलीले शुक्रबार प्रतापपुर गाउँपालिका वडा नं. ५ धर्मौलीस्थित लुकाई छिपाई राखेको अवस्थामा २३६ बोरा चिनी नियन्त्रणमा लिएको हो ।

बिल बिजक नभेटिएपछि नियन्त्रणमा लिएको चिनी आवश्यक कारवाहीको लागि भन्सार कार्यालय महेशपुर पठाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २६ गण नवलपरासीको सूचना अधिकारी रोशन घिमिरेले बताए ।

# सर्वोच्चको आदेशपछि काममा फर्किए अधिकारी

काठमाडौं/मस- सर्वोच्च अदालतको अन्तरिम आदेशसँगै नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारी नियमित काममा फर्किएका छन् । सरकारले कार्यकारी अध्यक्ष अधिकारीलाई असार ६ गते निलम्बन गर्ने निर्णय गरेको थियो ।

अधिकारीले यस निर्णयविरुद्ध असार गते सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका थिए । सर्वोच्च अदालतले बिहीबार अल्पकालीन अन्तरिम आदेश जारी गर्दै कार्यकारी अध्यक्ष अधिकारीलाई काममा फर्कन बाटो खोलेको हो ।


## Saudi मा रोजगार

### 1. Freyssinet Saudi Arabia Company

पूर्व स्वीकृती मिति: २०७९/०३/२४ | चलानी नं. ६०१८२९२२ | LT No.: 266801

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
